# भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खाञ्जोक गोरखा

### गण्डकी प्रदेश

### नेपाल

**व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७६**

# व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७६

भिमसेनथापा गाउँ कार्यपालिकाको वैठकवाट
स्वीकृत मिति :- २०७६।०५।०१

## प्रस्तावना :

भिमसेनथापा गाउँपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन,व्यवसाय संचालन मार्फत गाँउपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न साथै स्थानीय सरकार र आम व्यवसायीहरु बीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले भिमसेनथापा

गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ३ बमोजिम गाउँ कार्यपालिकाको मिति २०७६।०५।०१ गते वसेको वैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम भिमसेनथापा गाँउपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७६" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) " कार्यालय " भन्नाले यस भिमसेनथापा गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) " शाखा " भन्नाले यस भिमसेनथापा गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) " वडा कार्यालय " भन्नाले यस भिमसेनथापा गाउँपालिका अन्तर्गतका ८ वटै वडा कार्यालयहरु सम्झनु पर्नेछ ।

(घ) " अध्यक्ष " भन्नाले यस भिमसेनथापा गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) " उपाध्यक्ष " भन्नाले यस भिमसेनथापा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) " कार्यपालिका सदस्य " भन्नाले यस भिमसेनथापा गाउँपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले यस भिमसेनथापा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्नेछ ।

(ज) " वडा समिति " भन्नाले यस भिमसेनथापा गाउँपालिकाको ८ वटै वडाका समितिहरु सम्झनुपर्नेछ ।

(झ) " व्यवसायी " भन्नाले यस भिमसेनथापा गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनुपर्नेछ ।

(ञ) " कार्यविधि " भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७५" सम्झनुपर्नेछ ।

३. क्षेत्र :यस भिमसेनथापा गाउँपालिका क्षेत्र भित्रका सवै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. विषयगत क्षेत्र : विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यन्न,थोक तथा खुद्रा पसल,

(ख) होटल व्यवसाय,

(ग) पशुपालन फर्म,

(घ) नर्सरी,

(ङ) उद्योग तथा कल कारखाना,

(च) कृषि फर्म,

(छ) औषधि पसल,

ज) वर्कशप, ग्यारेज,

(झ) निर्माण व्यवसायी,

(ञ) अन्य तोकिए वमोजिमका व्यवसायीहरु,

## परिच्छेद - २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

५. व्यवसाय दर्ता प्रकृया :

(१) व्यवसाय दर्ता गर्नुपर्ने : प्रत्येक व्यवसायीले सम्वन्धित गाउँ कार्यपीलकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गरिने : व्यवसाय दर्ताको लागि सार्वजानिक सूचना प्रकाशन गरिनेछ ।

(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले २०७६ आश्विन मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नु पर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले २ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

(४) व्यवसाय दर्ताको लागि सम्वन्धीत वडामा अनुसूची ३ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ । कागजात जाँच गरी उक्त निवेदनलाई सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा दर्ताको लागि पठाउनुपर्नेछ ।

४.१ आवश्यक कागजातहरु :

(१) हालसालै खिचेको २ प्रति फोटो ।

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

(३) वडा कार्यालयको सिफारिस ।

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा ।

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) वहाल लिएको भए वहाल सम्झौता पत्र ।

(५) तोकिएको अवधि भित्र व्यवसाय दर्ता नगरेमा पहिलो महिना थप २५% दोश्रो महिना ५०% र तेश्रो महिना शतप्रतिशत जरिवाना गरिनेछ ।

६. प्रमाणपत्र सम्वन्धी व्यवस्था : (१) माथि ६.१ मा उल्लेखित कागजातहरु प्राप्त भईसकेपश्चात तोकिएको दस्तुर लिई कार्यालयले **अनुसूची- १** बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

ईश्वर पाण्डे
अध्यक्ष

७. व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था : प्रत्येक व्यवसायीले आर्थिक बर्षको असार मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँकार्यपालिकाको कार्यालयबाट नविकरण गरिसक्नु पर्नेछ । व्यवसाय नवीकरणको प्रमाणपत्र कार्यालयले व्यवस्था गरेबमोजिम हुनेछ ।

८. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था : (१) व्यवसाय दर्ता/नविकरण सम्वन्धी शुल्क/दस्तुर भिमसेनथापा गाउँपालिका आर्थिक ऐन बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा **अनुसूची - २** मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) **अनुसूची ४** मा तोकिएको ढाँचामा व्यवसाय दर्ताको अभिलेख राखिएको छ ।

(४) आ.व.समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण शुल्कमा .गाउँकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नविकरण शुल्क सम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद - ३

## अनुगमन तथा कारबाही

९. मूल्यसूची सम्वन्धी व्यवस्था : सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

१०. बजार अनुगमन सम्वन्धी व्यवस्था : (१) यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, ब्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमनसम्बन्धी अन्य व्यवस्था "भिमसेनथापा गाँउपालिका बजार अनुगमन निर्देशिका" बमोजिम हुनेछ ।

११. दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्था : "भिमसेनथापा गाँउपालिका बजार अनुगमन निर्देशिकामा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोहीबमोजिम तथा देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रीहरु बेचविखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा।

(च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा

१२. कारबाही र जरिवाना सम्बन्धी व्यवस्था :

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

| विवरण | जरिवाना |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रु. १०००।- |
| (ख) प्रमाणपत्र नराखेमा | रु. २,०००।- |
| (ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | रु. ५,०००।- |
| (घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (छ) प्रदुषित,फोहोर सामाग्रिहरु बेचविखन गरेमा | रु. ५,०००।- |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसकेपश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद - ४

## विविध

१३. वाधा अडकाउ फुकाउने : यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा प्रक्रियागत सरलीकरण गर्ने, अनुसूची हेरफेर गर्ने एवं संशोधन गर्नुपर्ने जस्ता विषयमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

१४. प्रचलित कानुन वमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानुनसंग बाँझिएमा बाँझिएको हद सम्म कानुन वमोजिम नै हुनेछ ।

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खान्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

दर्ता नं. :
दर्ता मिति :
आ.व. : २०७.../...

# व्यवसाय दर्ता प्रमाण पत्र

प्रमाणपत्र नं :

श्री................................ .....................................

प्रस्तुत विषयमा तपाईलाई "भिमसेनथापा गाँउपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७६" को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ। प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध गरिन्छ।

व्यवसायीको विवरण :

| एकल | साझेदारी |
|---|---|

१. (क) व्यक्तिको नाम,थर :.......................................................
(ख) नागरिकता नं: .................. जारी जिल्ला र मिति :...................................
२. ठेगाना:.......................................................
३. फोन:........................... ई-मेल:........................... व्यवसायको विवरण :
१. व्यवसायको नाम : .......................................................
२. पूंजीगत लगानी (रु मा) : .......................................................
३. व्यवसाय रहने स्थान : मे.न.पा. वडा नं. ................ टोल ........................
४. व्यवसाय वहालमा रहेको भए घरधनीको नाम : ............................
५. कारोवार गर्ने वस्तु वा सेवाको विवरण :

प्रमाणपत्र जारी गर्नेको
नाम :
पद :
सहि :
मिति :

कार्यालयको छाप

## शर्तहरु

१) प्रत्येक आ.व.को असोज मसान्तभित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ।
२) व्यवसाय गरी आएको स्थान बदल्नु परे गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।
३) आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ।
४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र नगरपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउनु पर्दछ।
५) आफुले संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन।
६) आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ।
७) मदिराजन्य पदार्थको कारोवारको लागि प्रचलित कानुनमा व्यवस्था भए वमोजिम गर्नुपर्नेछ।
८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ।

भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाञ्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

## व्यवसाय दर्ता नविकरण

| क.स. | व्यवसाय दर्ता मिति | नविकरण मिति | म्याद सकिने मिति | प्रमाणित गर्नेको सहिछाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भिमसेनथापा गाउँपालिका

## अनुसूचि २

### (दफा ९ सँग सम्वन्धित)

१०. व्यवसाय कर : (वार्षिक दर्ता शूल्क)

| क.स | शिर्षक | शहरी क्षेत्र |
|---|---|---|
| १ | होटल, लज, रेष्टूरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार, | |
| | क. मदिरा समेत विक्रि गर्ने होटल लज समेत | २००० |
| | ख होटल, लज समेत | १५०० |
| | ग. मदिरा समेत विक्रि गर्ने होटल | १५०० |
| | घ होटल मात्र | १००० |
| २ | टेन्ट हाउस र क्याटरिङ | १००० |
| ३ | सूनचादी पसल | २००० |
| ४ | टेलरिङ व्यवसाय | |
| | क) कपडा पसल सहतिको टेलरिङ्ग | १००० |
| | ख) टेलरिङ (मात्र) | ५०० |
| ५ | सैलून | १००० |
| ६ | क) व्युटि पार्लर (तालिम समेत दिने) | २००० |
| | ख) व्युटि पार्लर पसल मात्र | १००० |
| ७ | क) कम्प्यूटर बिक्री | २००० |
| | ख) कम्प्यूटर मर्मत | १५०० |
| ८ | क) टि.भि.,फ्रिज, बिक्री | १५०० |
| | ख) टि.भि.,फ्रिज, मर्मत | १००० |
| ९ | क) रेडीयो, मोबाईल, टेलिफोन क्यालकूलेटर,बिक्रि | १००० |
| | ख) रेडीयो, मोबाईल, टेलिफोन क्यालकूलेटर,मर्मत | १००० |
| १० | घडी, अडीयो तथा भिडीयो क्यासेट बिक्रि तथा मर्मत | १५०० |
| ११ | जूत्ता तथा चप्पल बिक्री | १००० |
| १२ | मालवस्तू तथा सेवाको थोक विक्रेता | |
| | ५ भन्दा वढी सामानहरुको डीलर | ५००० |
| | ३ भन्दा बढी ५ वटा सम्म सामानहरुको डीलर | ३५०० |
| | १ भन्दा बडी ३ वटा सम्म सामानको डीलर | २५०० |
| | एउटा मात्र सामानको डिलर | १५०० |
| १२ | औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयूर्वेदिक),चस्मा पसल | |
| | थोक बिक्रेता | २००० |
| | खूद्रा बिक्रेता | १५०० |
| | साना खूद्रा बिक्रेता | १००० |
| | चस्मा पसल | १००० |
| १३ | नीजि अस्पताल तथा नर्सिङ होम | ५००० |

| | | |
|---|---|---|
| १४ | क्लिनीक तथा ल्याव | |
| | डेन्टल अस्पताल | २००० |
| १५ | डेन्टल क्लिनिक | २५०० |
| १६ | पान पसल | १५०० |
| १७ | लत्ता कपडा धुलाई तथा सरसफाई | ५०० |
| | ड्राई क्लीनर्स | |
| | धोबी | १००० |
| १८ | सिनेमा हल (मनोरञ्जन कर | ५०० |
| | क दैनिक रुपमा सचालन हुने | ७००० |
| | ख आशिक रुपमा सचालन हुने | ५००० |
| १९ | आर्ट व्यवसाय | |
| | कामदार राखि व्यवसाय गर्ने | ५००० |
| | आफै गर्ने | ३००० |
| २० | इलेक्ट्रीक सामानहरुको बिक्री | १५०० |
| २१ | फोटो स्टूडीयो | |
| | कलर ल्याव फोटो स्टूडीयो | २००० |
| | फोटो स्टूडीयो | १००० |
| २२ | धागो, टाक, फस्नर | ५०० |
| २३ | भाडा पसल | १५०० |
| २४ | गिफट तथा कस्मेटीक पसल | १००० |
| २५ | प्लाई, सिसा, कार्पेट, फ्रेम आदि बिक्री | २००० |
| २६ | पेट्रोल पम्प | ५००० |
| २७ | ग्यास सिलिण्डर बिक्रेता | २००० |
| २८ | साईकल तथा रिक्सा मर्मत | ५०० |
| २९ | अटोमेकानिक्स तथा ईन्जिनियरिङ (वस, टेक्टर, मोटरसाईकल आदिको पार्टस बिक्री) तथा मर्मत | २००० |
| ३० | लेथ सेक्सन तर्फ | १००० |
| ३१ | मोटर वडी विल्डर्स | १००० |
| ३२ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | १००० |
| ३३ | मोटर साईकल सो रुम | ५००० |
| ३४ | पशू ÷ पंछी आहार उद्योग फिडस | २००० |
| ३५ | लेखा परीक्षक | |
| | क र ख श्रेणीलाई | १००० |
| | ग र घ श्रेणीलाई | ५०० |
| ३६ | बैक, फाईनान्स, वित्तिय सस्थाहरु तथा सहकारी बैक नाफामुलक) | |
| | क वर्गको बैक वा वित्तिय संस्था | ५००० |
| | ख वर्गको बैक वा वित्तिय संस्था | ४००० |
| | ग वर्गको बैक वा वित्तिय संस्था | ३००० |
| | घ वर्गको बैक वा वित्तिय संस्था | २००० |
| ३७ | पाउरोटी, वरफ, विस्कूट तथा दालमोठ उद्योग | ३००० |

| | | |
|---|---|---|
| ३८ | निजि शिक्षालय सचालन तर्फ | |
| | क्याम्पस, मा.वि. | |
| | आधारभूत र प्रा.वि. | ५००० |
| ३९ | ब्लक, रिङ, टायल र तारबार पोल उद्योग | ३००० |
| ४० | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकको सामानहरुको उद्योग | ३००० |
| ४१ | मैनबत्ति तथा अगरबत्ति उद्योग | ३००० |
| ४२ | मसला उद्योग | २००० |
| ४३ | परामर्श सेवा | १००० |
| | इन्जीनियरिङ | |
| | शैक्षिक | ५००० |
| | अन्य परामर्श सेवा | २५०० |
| ४४ | किराना पसल | १५०० |
| | मदिरा समेत विक्रि गर्ने थोक विक्रेता | २५०० |
| | मदिरा बाहेक अन्य वस्तू विक्री गर्ने थोक विक्रेता | १५०० |
| | मदिरा समेत विक्रि गर्ने खूद्रा विक्रेता | १००० |
| | खूद्रा विक्रेता (साना व्यावसाय) | १००० |
| ४५ | मादल मर्मत तथा बिक्री | १००० |
| ४६ | सिरक डसना बिक्री | १००० |
| ४७ | हुयुम पाईप, विद्यूत पोल उद्योग | १०,००० |
| ४८ | झोला तयारी गर्ने उद्योग | १५०० |
| ४९ | कन्फेक्सनरी उद्योग | १००० |
| ५० | डेरी उद्योग (दूग्ध तथा दूग्ध सम्बन्धि अन्य व्यवसाय | १००० |
| ५१ | फर्निचर उद्योग, फर्निचर सो रुम, समिल | १५०० |
| ५२ | फर्निचर उद्योग/सोरुम | १५०० |
| ५३ | ग्रील सटर उद्योग | १००० |
| ५४ | मिल (कूटानि, पिसानि, पेलानि(सेलर, होलर, तेल, चिउरा आदि | |
| | कूटानी पिसानी | १००० |
| | कूटानी | ५०० |
| ५५ | कूखूरा पालन | |
| | १००० देखि माथी क्षमता | १००० |
| | १००० वटा सम्म क्षमता | ५०० |
| ५६ | माछा, मासू पसल | १००० |
| ५७ | तरकारी, फलफूल तथा साग सब्जी पसल | ५०० |
| ५८ | अण्डा विक्री | १००० |
| ५९ | छाला सकलन तथा विक्री | १५०० |
| ६० | इट्टा बिक्री डिपो तथा सकलन केन्द्र | २५०० |
| ६१ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १००० |
| ६२ | हार्डवयर्स पसल | ३००० |
| ६३ | चिम्नी उद्योग ( इटा भट्टा ) | ४००० |
| ६४ | मेटलको भाडा वनाउने व्यवसाय | १५०० |

| | | |
|---|---|---|
| ६५ | पुस्तक, स्टेशनरी तथा खेलकूदका सामानहरुको बिक्री | |
| ६६ | केवूल प्रसारण | १००० |
| ६७ | फोटोकपी, फ्याक्स, लेमिनेशन, व्यान्डीङ, कुरियर | १५०० |
| ६८ | कम्प्यूटर, ड्राईभिङ तथा अन्य ईन्स्टीच्युट | १००० |
| ६९ | कपडा पसल + फेन्सि पसल सहित | १५०० |
| ७० | छापाखाना तथा कपि, किताव उद्योग | १५०० |
| ७१ | डिजिटल छापाखना | २५०० |
| ७२ | साईवर, नेट, फोन सेवा (कम्यूनिकेसन सेवा) क श्रेणी | २००० |
| ७३ | निर्माण व्यवसायी | १५०० |
| | क श्रेणी | |
| | ख श्रेणी | ५००० |
| | ग श्रेणी | ३००० |
| | घ श्रेणी | २५०० |
| ७४ | रासायनिक मल, विउ विजन, किटनाशक औपधि विक्री | १५०० |
| ७५ | भिडीयो मिक्सीङ्ग, | १००० |
| ७६ | क। मदीरा थोक बिक्री | १५०० |
| | ख। मदीरा खूद्रा बिक्री | २५०० |
| ७७ | ट्युसन सेन्टर | १५०० |
| ७८ | वेरिङ रिपेरिङ तथा बिक्री | १५०० |
| ७९ | मेशीनरी सामान बिक्री (मोटर, जेनेटर आदि क श्रेणी | १००० |
| | मेशीनरी सामान बिक्री(मोटर, जेनेटर आदि ख श्रेणी | ३००० |
| ८० | पंखा कृषि मोटर मर्मत | २००० |
| | रेमिटेन्स सेवा | १००० |
| ८१ | कवाडी व्यवसाय | १५०० |
| ८२ | मोविल, ग्रिज बिक्री | १००० |
| ८३ | टूर्स एण्ड ट्राभल | १००० |
| ८४ | कूरियर तथा कार्गो सेवा | २००० |
| ८५ | गिटी, वालुवा, ढूगा लगायत निर्माण सप्लाई | २००० |
| ८६ | भेटेरेनरी सेवा | १५०० |
| ८७ | चिया पसल | १००० |
| ८८ | कार्यालय हल भाडा (प्रति दिन) | १००० |
| ८९ | जडिवूटी वनजन्य उद्योग (खोटो लगायत) | ५०० |
| ९० | विभिन्न कल्याणकारी संघ संस्था दर्ता | २५०० |
| ९१ | कपडा पसल थान मात्र | २००० |
| | कृषि व्यवसाय तर्फ | १००० |
| ९२ | वाखा पालन | ५०० |
| ९३ | भैसी पालन | ५०० |
| ९४ | माछा पालन | ५०० |

अनुसूची ३

दफा ६ सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भिमसेनथापा गाँउ कार्यपालिका कार्यालय/वडा कार्यालय,

**विषय : व्यवसाय दर्ता गरी पाँऊ ।**

महोदय,

प्रस्तुत विषयमा मैले तपशील अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको नाम : ..................................................................

व्यवसायको प्रकार : ..................................................................

कुल स्थीर पुँजी : ......................................................

व्यवसाय संचालन गर्ने स्थान : .........................................................

**संलग्न कागजातहरु**

(१) हालसालै खिचेको २ प्रति फोटो,

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

(३) वडा कार्यालयको सिफारिस,

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी,

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा,

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

रुजु गर्ने :

हस्ताक्षर :

नाम :

पद :

निवेदक

नाम :

ठेगाना :

मिति :

भिमसेनथापा गाँउपालिका

अनुसूची-३

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

भिमसेनथापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय मेलम्ची,

खाञ्चोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
भिमसेनथापा गाउँपालिका, खाञ्चोक, गोरखा
४ नं. प्रदेश, नेपाल

विषय : व्यवसाय दर्ता /नविकरण गर्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ............................................ व्यवसाय दर्ता/नविकरण गर्नु परेकोले भिमसेनथापा गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०७६ को दफा ३ बमोजिम यो निवेदन दिएको छु/छौं ।

१.व्यवसायीको नाम, थर : ......................................

२. स्थायी ठेगाना : ...................... जिल्ला ............ गा.पा. ............ वडा नं...........

३. नागरिकता नं.:........................ जारी जिल्ला र गते :................................

४. फर्म/कम्पनीको नाम : ....................................................................................

५. व्यवसाय रहेन स्थानको ठेगाना : वडा नं. ................

फोन नं. : ........................ इमेल :...........................................................

६.व्यवसायको प्रकृति : ......................................

७. कारोबार गर्ने वस्तु :.........................

८. लगानी (रु.मा) : ......................

९.व्यवसाय वहालमा रहेको भए घरको घरधनीको नाम, थर....................................

ठेगाना : ................ वडा नं. ................

मिति : ........................ निवेदकको दस्तखत

अनुसूचि ४

(दफा ४ को उपदफा (३) सँग सम्वन्धित)

## भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा

४ नं. प्रदेश, नेपाल

व्यवसाय दर्ता किताव

| क्र.स | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृति | पूजी | एकलौटी / साझेदारी | दर्ता मिति | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

...श्वर पाण्डे
अध्यक्ष

अनुसूचि ५

# भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### व्यवसाय कर दर्ता किताव

करदाता प्रमाणपत्र नं.: जारी भएको
मिति :

व्यवसायको विवरण
१) व्यवसायको प्रकृति:
२) व्यवसायको किसिम:
३) रहने स्थान/ठेगाना:

वडा नं.: घर नं.: बाटोको नाम:

४) अन्य :

परिचयपाटी विवरण
१) लेख्ने विवरण:/फर्म/कं.को नाम:
२) साइज:..............................
३) किसिम: जारी भएको जिल्ला:
४) जिल्ला: .......................
५) घर धनीको नाम:
६) स्थान:.....................

४) बावुको नाम:

व्यवसायीको विवरण
१) नाम, थर:
२) नागरिकता नं.:
३) ठेगाना: ,स्थायी :
४) वावुको नाम
५) वाजेको नाम
६) सम्पर्क फोन नं.
७) अन्य
अस्थायी :

...वर पाण्डे
अध्यक्ष

भिमसेनथापा गाउँपालिका

| असुली | आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालु आ.व.को व्यवसाय कर रु. | परिचय पाटी | वक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

भिमसेनथापा गाउँपालिका

...श्वर पाण्डे
...

भिमसेनथापा गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ३ बमोजिम भिमसेनथापा गाउँ कार्यपालिकाको व्यवसाय दर्ता तथा नविकरण संचालनको लागि व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि गाउँपालिकाका अध्यक्ष श्री ईश्वर पाण्डेवाट प्रमाणित गरिएको छ।

नाम : ईश्वर पाण्डे
पद : अध्यक्ष
मिति : २०७६।०५।०१